पान नं. ३०१३५९६११

"व्यवहारिक र सिपमूलक शिक्षा: हाम्रो प्रतिबद्धता"

# स्वर्ण महोत्सव समारोह – २०८१

# सोमेश्वर माध्यमिक विद्यालय

माडी नगरपालिका–१, बरुवा, चितवन

स्थापना: २०२८

मिति : २०८१/०८/१६

श्री ............................................ज्यू

......................................................

**विषय: सहयोग सम्बन्धमा ।**

यस विद्यालयले आफ्नो **गरिमामय स्वर्ण महोत्सव** मनाउन पाउँदा हामी हर्षित छौं। यस अवसरमा विद्यालयको चौतर्फी विकासमा विगतदेखि हालसम्म यहाँबाट भएको आर्थिक, भौतिक, नैतिक सहयोगको उच्च मूल्यांकन गर्दै यस वर्ष मनाउन लागिएको **स्वर्ण महोत्सव** समारोह तथा विद्यार्थी कल्याण सहयोग कोष सञ्चालनार्थ यथासक्य आर्थिक सहयोग गरिदिनुहुन सादर अनुरोध छ ।

**स्वर्ण महोत्सव समारोह : २०८१ बैशाख १ गते देखि २०८१ माघ ३ गते सम्म**

(विशेष कार्यक्रम २०८१ पौष २६ देखि माघ ३ गते सम्म )

**सम्मान कार्यविधि:**

१. रु. १ देखि रु. ४९९ सम्म : सहयोग रसिद प्रदान गरिने वा दाताले स्वैच्छिक रुपमा दान पेटिकामा राख्न सकिने ।

२. रु. ५०० देखि रु. १,००० सम्म : सहयोग रसिद सहित स्वर्ण स्मारिकामा नाम प्रकासित गरिने छ ।

३. रु. १,००१ देखि रु. ३,००० सम्म : सहयोग रसिद, स्वर्ण स्मारिकामा नाम प्रकासित र मंचबाट नाम उद्घघोष गरिने छ।

४. रु. ३,००१ देखि रु. ५,००० सम्म : बुँदा नं ३ का सबै सम्मान सहित माला र कदरपत्रले सम्मान गरिने छ ।

५. रु.५,००१ देखि १०,००० सम्म : बुँदा नं. ४ का सबै सम्मान सहित कदरपत्र, दोसल्ला ओढाई सम्मान गरिने छ ।

६. रु. १०,००१ देखि रु. २५,००० सम्म : बुँदा नं. ५ का सबै सम्मान सहित दानबीरको नाम भित्ते लेखनमा लेखिने छ ।

७. रु. २५,००१ देखि रु. ५०,००० सम्म: बुँदा नं. ६ का सबै सम्मान सहित फ्लेक्स ब्यानरमा नाम, फोटो प्रकासित गरिनेछ।

८. रु. ५०,००१ देखि रु. १,००,००० सम्म : बुँदा नं. ७ का सबै सम्मान सहित दानवीरको परिवारलाई बाजागाजासहित सम्मान गरिने छ ।

९. रु. १,००,००१ देखि रु. २,००,००० सम्म : बुँदा नं. ८ का सबै सम्मान सहित सभाहलमा दानवीर एक जनाको फोटोफ्रेम राखिने छ ।

१०. रु. २,००,००१ देखि रु. ५,००,००० सम्म : बुँदा नं. ९ का सबै सम्मान सहित सभाहलमा दानवीर परिवारको संयुक्त फोटोफ्रेम राखिने छ ।

११. रु. ५,००,००१ देखि रु. ७,५०,००० सम्म : बुँदा नं. १० का सबै सम्मान सहित कुनै एक विषयगत प्रयोगशाला निज दानवीरको नामबाट नामकरण गरिने छ ।

१२. रु.७,५०,००१ देखि १०,००,००० सम्म : बुँदा नं. ११ का सबै सम्मान, स्वर्ण महोत्सव समारोहका संरक्षकहरुबाट बिशेष सम्मान गरिने छ ।

१३. रु. १०,००,००१ देखि रु. १५,००,००० सम्म: बुँदा नं. १० का सबै सम्मानसहित सभाहललाई दानवीरको नामबाट नामकरण गरिने छ ।

१४. रु. १५,००,००१ देखि रु. २०,००,००० सम्म : बुँदा नं. १० का सबै सम्मानसहित बाल विकास केन्द्र कक्षालाई दानवीरको नामबाट नामकरण गरिने छ ।

१५. रु. २०,००,००१ देखि रु. ३०,००,००० सम्म : बुँदा नं. १० को सबै सम्मान सहित कुनै एक चारकोठा ब्लकलाई दानवीरको नामबाट नामकरण र रथारोहण गरिने छ ।

१६. रु. ३०,००,००१ देखि माथि बुँदा नं. १५ को सबै सम्मान सहित परिवारको स्मृतिमा मूर्ति स्थापना गरिने छ ।

सहयोगका लागि धन्यबाद ।

पान नं. २०१३५९६११

"व्यवहारिक र सिपमूलक शिक्षा: हाम्रो प्रतिबद्धता"

स्वर्ण महोत्सव समारोह - २०८१

# सोमेश्वर माध्यमिक विद्यालय

माडी नगरपालिका-१, बरुवा, चितवन

स्थापना: २०२८

मिति : २०८१/०८/१६

## प्रस्तावना

यस सोमेश्वर माध्यमिक विद्यालयले स्वर्ण महोत्सव २०८१ आयोजना तथा सञ्चालन गर्ने ऐतिहासिक सुअवसर प्राप्त गरेको छ । शैक्षिक अभियानका गौरवशाली ५० बर्षहरू पार गर्नु आफैंमा एक अवसर र चुनौती पनि हो । यस गरिमामय इतिहासलाई जीवन्त कायम राख्न सबै मुख्य सरोकारवाला पक्षहरूबिच पारस्पारिक समन्वय र सहकार्यको आवश्यकता पर्दछ । यसै अवसरमा **स्वर्ण महोत्सव समारोह** साथै **शैक्षिक विकास तथा विद्यार्थी कल्याण अक्षय कोष** स्थापना गर्ने कार्यक्रम रहेको सन्दर्भमा कोष सञ्चालन गर्न निम्न लिखित बिषय माथी छलफल गरि यो संक्षिप्त कार्यविधी तयार गरिएको छ ।

नाम : **स्वर्ण महोत्सव समारोह-२०८१ एवम् शैक्षिक विकास तथा विद्यार्थी कल्याण अक्षय कोष**

स्वर्ण महोत्सव समारोहका अवसरमा बृहत आर्थिक संकलन अभियान सञ्चालन गरि **शैक्षिक बिकास तथा विद्यार्थी कल्याण अक्षय कोष** स्थापना गरिने छ ।

**कार्यविधी** :

१. स्वर्ण महोत्सवका अवसरमा संकलन भएको जम्मा रकम मध्ये स्वर्ण महोत्सव शिर्षक अर्न्तगत प्रस्तुत योजनामा खर्च भएको बाहेक बाँकी रहेको रकम **शैक्षिक बिकास तथा बिद्यार्थी कल्याण अक्षय कोष** स्थापना गरि 'क' श्रेणीको बैंकमा मुद्धती खाता खोली जम्मा गरिने छ ।

२. **शैक्षिक बिकास तथा बिद्यार्थी कल्याण अक्षय कोषमा** जम्मा भएको रकमबाट बार्षिक रुपमा प्राप्त हुने ब्याज मध्येबाट ५० प्रतिशत रकम शैक्षिक विकास कार्यक्रममा, २५ प्रतिशत जेहेन्दार विद्यार्थी छात्रवृती र २५ प्रतिशत गरिव तथा बिपन्न विद्यार्थी सहयोग शिर्षकमा खर्च गरिने छ ।

३. माथी उल्लेखित शिर्षकहरूमा खर्च गर्नको लागि बिद्यालयको बार्षिक कार्यक्रममा योजना समाबेश भई पारित भएको हुनुपर्नेछ ।

४. आर्थिक संकलनको आधारमा कक्षा ९-१२ वा ११-१२ मा व्यवसायिक वा प्राविधिक विषय (माडीमा नभएको) सञ्चालनको लागि योजना गरिएको छ ।